का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २३२
- २० असोज २०७८, बुधबार
- 6 October 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



दशैंका लागि हिमालपारिको जिल्ला मुस्ताङबाट ल्याइएका च्याङ्ग्रा बेनी हुँदै पोखरातर्फ लगिँदै । तस्वीरः कमल खत्री

खोप : कोरोनाको पूर्ण रोकथाम होइन, यसले सुरक्षित हुन सघाउने मात्र हो ।

खोप लगाऔं, अनुशासित जीवनशैली अपनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# बल्ल मिल्यो भागभण्डा

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको तीन महिना पुग्न लाग्दा बल्ल सत्ता साझेदार दलहरुबीच मन्त्रिपरिषद् बिस्तारमा सहमति जुटेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ असोज ।

सत्ता साझेदार दलहरुबीच मन्त्रिपरिषद् बिस्तारमा भागबण्डा मिलेको छ। मंगलबार बिहान बसेको शीर्ष नेताहरुको बैठकले मन्त्री भागबण्डा मिलाएको हो। नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल र जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मन्त्रालय संख्या टुंग्याएको हो ।

सहमतिअनुसार, काँग्रेसले ८ मन्त्रालय पाउने भएको छ । प्रधानमन्त्री देउवाले काँग्रेस नेताहरुलाई गृह, परराष्ट्र र कानून मन्त्री नियुक्त गरिसकेका छन् । प्रधानमन्त्री देउवासँगै बालकृष्ण खाँण गृह र ज्ञानेन्द्रबहादुर कार्की कानून मन्त्री नियुक्त भएका थिए । केहीदिन अगाडि मात्रै डा.नारायण खड्कालाई काँग्रेसले परराष्ट्रमन्त्री नियुक्त गरेका थिए ।



सहमतिअनुसार, माओवादी केन्द्रले पाँच वटा मन्त्रालय पाउने भएको छ। अर्थ र उर्जा मन्त्रालय माओवादीले यसअघि नै पाइसकेको छ । जनार्दन शर्मा अर्थ र पम्फा भुसाल उर्जा मन्त्री प्रधानमन्त्रीसँगै नियुक्त भएका थिए। अब थप तीन मन्त्री माओवादी केन्द्रले पठाउनेछ । स्रोतका अनुसार, माओवादी केन्द्रले शिक्षा सहितका मन्त्रालय पाउनेछ।

सत्ता साझेदार दलहरु एकीकृत समाजवादी र जसपाले ४/४ मन्त्रालय पाउने भएको छ । काँग्रेस, माओवादी र एकीकृत समाजवादीले एक/एक राज्यमन्त्री पाउने भएका छन् । प्रधानमन्त्री देउवाले गएको १० साउनमै काँग्रेस सांसद उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका थिए । जसपाले भने उपसभामुख पाउने भएको छ । बाँकी पृष्ठ २ मा

# अर्थमन्त्रीसँग भन्सार अधिकृतहरू असन्तुष्ट

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ, १९ असोज ।

अर्थमन्त्री जनार्दन शर्माले भन्सार अधिकृतहरुको अधिकार खोसेपछि राजश्व प्रशासनमा असन्तुष्टि देखिएको छ। यो सँगै उपभोग्य वस्तुको मूल्यमा भारी बृद्धि हुने चेतावनी व्यवसायीले दिएका छन् ।

भन्सार विभागले हरेक वर्षको असोज मसान्तभित्र सन्दर्भ मूल्य सूची (रेफरेन्स भ्यालु) अध्यावधिक गरी मातहतका कार्यालयहरूमा पठाउनेगर्छ। त्यसक्रममा विगतदेखि नै परिस्थिति हेरि सम्बन्धित भन्सार कार्यालय प्रमुखलाई विभागले पठाउने सन्दर्भ मूल्य सूचीमा २५ प्रतिशत थपघट गर्ने अधिकार दिइदै आएको थियो ।

तर, यसपटक असोज १५ गतेदेखि लागू हुने गरी देशका सबै भन्सार विभाग र कार्यालयहरुमा पठाइएको नयाँ सन्दर्भ मूल्य सूचीमा भन्दा दायाँबायाँ नहुन कडा निर्देशन दिएको छ। अर्थात् यसअघि भन्सार कार्यालयका प्रमुखलाई दिइदै आएको २५ प्रतिशतसम्म सन्दर्भ मूल्य थपघट गर्ने अधिकार पूर्ण रुपमा खोसिएको छ। केहीवर्ष अघि तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाले त्यस्तो अधिकारलाई २५ बाट २० वा १५ प्रतिशतमा सीमित गर्ने प्रयास गर्दै राजश्व प्रशासनका अधिकारीहरु र विज्ञहरुसँग छलफल गरेका थिए। तर, कसैले पनि त्यसमा तलमाथि नगर्न सुझाव दिएपछि खतिवडा राजश्व चुहावटका विभिन्न क्षेत्रहरुमा कडाई गर्दै त्यसलाई भने यथावत रहेका थिए ।

अहिले भने अर्थमन्त्री शर्माले मन्त्रालयभित्रकै उच्च अधिकारीहरुलाई समेत थाहा नदिइ भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटामार्फत् उक्त निर्देशन दिन लगाएर कार्यान्वयन गराएका थिए। त्यस लगत्तै केही भन्सार प्रमुखहरुले महानिर्देशक देवकोटासँग आपत्ति जनाएका थिए। जवाफमा देवकोटाले 'माथिको कडा निर्देशन भएकोले आफूले केही गर्न नसक्ने' जवाफ दिएको एउटा भन्सार कार्यालयका प्रमुखले मध्यान्ह दैनिकलाई जानकारी दिए ।

सन्दर्भ मूल्य सूचीको मूल्यांकनमा भन्सार प्रमुखहरुलाई दिइएको अधिकार खोसिएपछि अहिले भन्सार प्रशासनमा असन्तुष्टि देखिएको छ। यसको असर भन्सार नाकाहरुमा देखिन थालेको छ।

भन्सार विभागसँग सम्बन्धित स्रोतकाअनुसार, नयाँ सन्दर्भ मूल्य र त्यसमा अलिकति पनि तलमाथि नगर्नु भन्ने निर्देशनका कारण भन्सारहरुबाट मालवाहक सवारी साधानहरुको जाँचपासमा ढिलाई भइरहेको छ। यसले गर्दा विराटनगर, भैरहवा र वीरगञ्ज जस्ता नाकामा मालवस्तु जाँचपास हुन बाँकी पृष्ठ २ मा

# पुनः कोरिया जाने पक्रिया शुरू हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असोज

दक्षिण कोरियाले पुनः रोजगारीका लागि अनुमति पाएका श्रमिकहरुलाई कोरिया लैजान रूचि देखाएको छ।

दक्षिण कोरीयामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढेपछि नेपालले कामदार पठाउन अनिच्छा देखाएपछि रोकिएको कोरिया रोजगारीको गतिरोध करीब २० महिनापछि खुल्ने देखिएको हो।

नेपालले पुनः रोजगारीमा जाने र भाषा परीक्षा उतिर्ण नयाँ कामदार दुवै बर्गका नेपालीलाई कोरिया जाने बाटो खोल्नपर्ने माग गरिरहेको भए पनि कोरीयाली पक्षले नेपालबाट जाने कामदारको स्वास्थ्यसँग सम्बन्धी विभिन्न शर्तहरु राखेको कारणले कोरिया रोजगारीमा जाने क्रम रोकिएको थियो। कोरियाले नेपालबाट जाने कामदारको कोरोना बिमा, पीसीआर परीक्षण, सिधा हवाई उडान र १४ दिन कोरियामा क्वारेन्टाइन बस्नुपर्ने शर्त राखेको छ।

पछिल्लोपटक नेपालले कोरियाले राखेका जनस्वास्थ्य सम्वन्धी शर्त पूरा गरेपछि कोरियामा एकै रोजगारदातासँग नियमित रूपमा ४ वर्ष १० महिना काम गरेर नेपाल आई पुनः रोजगारीका लागि अनुमति पाएकाहरुलाई कोरिया लैजाने सहमति जनाएको बताइएको छ।

सहमति अनुसार वैदेशिक रोजगार विभाग ईपीएस कोरिया शाखाले पहिलो चरणमा १ सय १९ कामदारको भिसा प्रक्रियाका लागि नामावली सार्वजनिक गरेको छ। उनीहरूमध्ये आगामी कात्तिक १० गते ५० जना उडाउने तयारी रहेको बिभागले जनाएको छ।

कोरिया रोजगार नियमित भएपछि उडानको पर्खाइमा रहेका १० हजार नेपाली कोरिया रोजगारमा जान पाउने विभागको भनाइ छ।

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारलाई सुधार गर्ने केसीको घोषणा

**काठमाडौं, मस-** गैर आवासीय नेपाली संघको आगामी दशौं महाधिवेशनमा अध्यक्षका प्रत्यासी डा. बद्री केसीले पनि वैदेशिक रोजगार व्यवस्थापन तथा सुधारको एजेन्डालाई प्राथमिकतामा राखेका छन्।

मंगलबार अध्यक्ष पदका लागि औपचारिक उम्मेदवारी घोषणा गरेका डा. केसीले सुरक्षित र व्यवस्थित र मर्यादित वैदेशिक रोजगार, ज्ञान-सीप र प्रविधिसहितको एनआरएन,नेपालमा लगानी तथा एनआरएन नेपाल डेभलपमेन्ट फण्ड, संस्थागत पुर्नसंरचना एवं सुदृढीकरण, एनआरएन फाउण्डेशन, पर्यटन प्रवर्द्धन, युवा-महिला र दोश्रो पुस्ता तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँगको सहकार्य लगायतका एजेण्डा उठाएको बताए।

यसअघि गतहप्ता राजधानीमा अध्यक्षको उम्मेदवारी घोषणा गरेका अर्का प्रत्यासी कुल आचार्यले पनि वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने उल्लेख गरेका थिए।

सघको १०औं विश्व सम्मेलन आगामी अक्टोबरको २३ देखि २५ सम्म काठमाडौंमा हुँदैछ। निर्वाचन समितिले अनलाइन माध्यमबाट विश्वभर एकसाथ मतदान गराउने तयारी गरेको छ।

डा. केसी संघको वर्तमान कार्यसमितिमा उपाध्यक्ष तथा वैदेशिक रोजगार तथा कल्याणकारी विभागका संयोजकसमेत रहेका छन्। संघको स्थापना कालदेखिनै एनआरएन अभियानमा सक्रिय सहभागि रहेका डा. केसीले एनआरएनएको दुई कार्यकाल महासचिव, एनसीसी रसियाको महासचिव, लगातार दुई कार्यकाल आइसीसी सदस्य र कोषाध्यक्षाको भूमिका निर्वाह गरेका थिए। 'समृद्धि र रुपान्तरण, हाम्रो साझा अभियान' भन्ने बाँकी पृष्ठ २ मा

# गोरेलाई जन्मकैद, प्रहरीलाई सफाई

**राजेश केसी/मध्यान्ह**
काठमाण्डौ, १९ असोज ।

बहुचर्चित साढे ३३ किलो सुन तस्करी र सनम शाक्य हत्या प्रकरणका मुख्य नाइके मानिएका चुडामणि उप्रेती 'गोरे' र उनका ५ जना सहयोगीलाई अदालतले जन्मकैदको सजाय सुनाएको छ। मोरङ जिल्ला अदालतका न्यायाधीश भरत लम्सालको इजलासले गोरेसहित उनका सहयोगीहरु टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले, नरेन्द्र कार्की र भोजराज भण्डारीलाई जन्मकैदको सजाय सुनाएको हो।

यही घटनामा प्रहरीदेखि व्यापारीसम्म मुछिएका छन्। यसरी मुछिएका प्रहरीदेखि ४८ जनालाई भने अदालतले सफाइ दिएको छ। सफाइ पाउनेमा नेपाल प्रहरी अपराध महाशाखा प्रमुख तत्कालीन गोविन्दप्रसाद निरौला, एसएसपी दिवेश लोहनी (हाल डीआईजी), श्यामबहादुर खत्री र प्रहरी उपरीक्षक (एसपी)



विकासराज खनाल छन्।

त्यस्तै, प्रहरी नायब उपरीक्षक (डीएसपी) सञ्जय राउत, प्रजित केसी, प्रहरी नायब निरीक्षक (सई) बालकृष्ण सञ्जेल, प्रहरी हवल्दार अमरबहादुर थापा मगर र प्रहरी जवान विष्णु खड्काले पनि सफाइ पाएका छन्। यी मध्ये अहिले खत्रीले अवकाश पाइसकेका छन्।

२०७४ माघ ९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३३ केजी सुन बाहिरिएको थियो। विमानस्थलबाट सहजै बाहिरिएको सुन बानेश्वर र एयरपोर्टको बीच बाटोबाटै हराएको घटना सार्वजनिक भएको थियो। यही विषयमा सुन तस्करीबीच विवाद भएपछि २०७४ फागुन १८ गते ३५ वर्षीय सुन व्यापारी सनम शाक्यको मोरङको उर्लाबारी-१ मा हत्या गरिएको थियो। त्यसको केही दिनपछि मृतक सनम शाक्यका दाई सञ्जीव शाक्यले भाईको हत्या गरिएको भन्दै गोरे सहितलाई किटानी जाहेरी दिएका थिए। त्यसैक्रममा २०७५ वैशाख १९ गते सात प्रहरी सहित ६३ जना विरुद्ध जिल्ला अदालत मोरङमा मुद्दा दर्ता भएको थियो। संगठित अपराध, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यानमा मुद्दा दर्ता भएको थियो।

तर, अझैसम्म साढे ३३ किलो सुन कहाँ गयो भन्ने पत्ता लग्न सकेको छैन। सुन प्रकरणका मुख्य अभियुक्त चुडमणि उप्रेती उर्फ गोरेलाई २०७५ जेठमा पक्राउ पछि सार्वजनिक गरिएको थियो। त्यसयता उनी केन्द्रीय कारागार सुन्धारामा छन्।

# वैज्ञानिक अभावले लथालिंग कृषि अनुसन्धान कार्यक्रम

**तेजबहादुर बन/मध्यान्ह**
सुनसरी, १९ असोज

दक्ष जनशक्ति र पर्याप्त वैज्ञानिक अभावसँगै सुनसरीको इटहरी २० तरहरा स्थित प्रदेश एक कृषि अनुसन्धान कार्यक्रम अस्तव्यस्त बनेको छ। पर्याप्त बैज्ञानिक नहुँदा समयमै सम्पन्न भइसक्नुपर्ने विभिन्न प्रकारका बालि तथा बिउहरू सँगसँगै माटो समेत अनुसन्धान जस्ता कार्यक्रमहरू प्रभावित हुँदै आएका छन्।

सरकारले कृषि क्षेत्रमा वार्षिक अरबौं लगानी गर्दै आएपनि त्यसको नियमित रेखदेख तथा अनुगमन हुन नसक्दा मातहतकै कार्यालयमा बेथिति बढ्दो छ।

प्रदेश १ का १४ वटा जिल्लामा रहेका कृषि सम्बन्धि कार्यालयहरूलाई बिउविजन तथा बालिहरूको विषयमा प्रखर अनुसन्धान गरी कृषकहरूको समस्यालाई नजिकबाट नियाल्दै समाधानको उपाय निकाल्ने कृषि अनुसन्धान भित्रै दक्ष जनशक्ति अभावले नियमित कार्यक्रमहरू समेत प्रभावित हुँदै आएको सो कार्यालयले बताएको छ।

कार्यालयमा २५ जना वैज्ञानिकहरूको दरबन्दी रहेकोमा हाल ६ जनाले मात्रै काम गर्दै आएका छन्। चाहिने र आवश्यकता अनुसारको वैज्ञानिक केन्द्रमा नहुँदा कृषकहरूले पनि भनेकै समयमा उचित परामर्श पाउन नसकेको प्रदेश १ कृषि अनुसन्धान कार्यक्रमका प्रमुख केशव प्रसाद श्रेष्ठ बताउँछन्।




कार्यालयमा वैज्ञानिक अभाव रहँदै आएको र दैनिक कृषि सम्बन्धी अनुसन्धानका कार्यक्रमहरू प्रभावित बन्दै गएको विषयमा केन्द्रीय कार्यालय तथा मन्त्रालयसम्म गुनासो राखेपनि कुनै सुनुवाइ नभएको प्रमुख श्रेष्ठको भनाइ छ।

उक्त कार्यालय मातहत अन्तर्गत उन्नत ढंगका अन्नवाली पशुपंन्छी मत्स्य पालन तरकारी फलफूल लगायतका विषयको अध्ययन एवम् अनुसन्धानसँगै उन्नत जातका कृषि उत्पादनको सिफारिसको पनि काम हुँदै आएको छ। योसँगै उक्त केन्द्रभित्र विभिन्न जातको कृषिबालीसँगै उन्नत राष्ट्रिय भैँसी अनुसन्धान उन्नत जातका चौपाया पंन्छी, बंगुर, घाँसे बाली, लहरे तरकारी एवम् अन्य जातका तरकारी फलफूल सम्बन्धी अनुसन्धानका कामहरू पनि हुँदै आएका छन्। कर्मचारी तथा वैज्ञानिक अभावकै कारण मत्स्य अनुसन्धान भित्र गएको ५ वर्ष यता मात्रै ६ करोडको नोक्सान भइसकेको कार्यालयले जनाएको छ।

करोडौंको भवन प्रयोगविहीन

यसैबीच सोहि कृषि केन्द्रकै मातहतमा रहेका करोडौं मुल्य बराबरको आवसिय भवनहरू प्रयोग विहीन अवस्थामा रहेका छन्। करिब १०८ हेक्टर जमिन ओगटेको केन्द्रभित्र एक दर्जन भन्दा बढी आवसिय भवनहरू रहेका छन्। जसमा ४ वटा अझै पनि प्रयोग भइरहेका छन् भने अन्य भवनहरू प्रयोग विहीन भएपछि लथालिंग अवस्थामा पुगेका छन्।

२०७२ सालमा गएको बिनासकारी भूकम्पले भवनहरू चर्काएकोले बस्न नसकिने अवस्थामा पुगेको प्रदेश १ कृषि अनुसन्धान कार्यालयले जनाएपनि भवनहरूमा भौतिक क्षति पुगेको छैन।

राज्यले वर्षौं अघि करोडौं खर्च गरेर बाहिरबाट आएका पाहुनाहरू र टाढाबाट सरूवा भइ आएका कर्मचारीहरूका लागि भनेर उक्त आवसिय भवनहरूको निर्माण गरेको थियो। तर उक्त भवनहरू विगत १० वर्ष देखि प्रयोग विहीन हुन पुगेको छ।

## सिटिको २० औं साधारणसभा सम्पन्न

सुनसरीको इटहरीस्थित सिटि बचत तथा ऋण सहकारी संस्थाले मंगलबार २० औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। सहकारीका अध्यक्ष पुष्कर थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थामा अहोरात्र खटिएका र विभिन्न समयमा अमुल्य योगदान पुऱ्याएका उत्कृष्ट कर्मचारी, बचतकर्ता, शेयर सदस्य, ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेहरूमा उत्कृष्ट कारोवार तर्फ शारदा प्रसाद दंगाल, उत्कृष्ठ सेयर सदस्य निरप्रसाद कोइराला, जेष्ठ सेयर सदस्य सम्मान सन्तलाल अग्रवाल, उत्कृष्ठ कर्मचारी राजन माझी, उत्कृष्ठ नियमित बचतकर्ता सञ्जय शर्मा, उत्कृष्ठ ऋणी रिना थापा र वर्ष विजेता सम्मानबाट गणेशप्रसाद निरौला रहेका छन्। इटहरी उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख रेवती पोखेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा इटहरी भित्र रहेर सामाजिक क्षेत्रमा कलाकारिताको माध्यमबाट महत्वपूर्ण भुमिका निर्वाह गरेको प्रति कदर गर्दै कलाकार बिक्रम श्रीलाई सम्मान गरिएको थियो।

### बल्ल....

उपसभामुख बाहेक जसपाले भौतिक पूर्वाधार, संघीय मामिला तथा सामान्य प्रशासन, कृषि र वन मन्त्रालय पाउने भएका छन्। स्रोतले बताएअनुसार बिहीबार मन्त्रिपरिषद् बिस्तार गर्ने तयारी भएको छ। अर्थात् देउवा प्रधानमन्त्री नियुक्त भएको तीन महिना पुग्न लाग्दा बल्ल मन्त्रिपरिषद्ले पूर्णता पाउने भएको छ। सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो।

देउवा काँग्रेस, माओवादी केन्द्र, जसपा र एमालेकै २३ सांसदले समर्थनमा प्रधानमन्त्री बनेका थिए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ७ जेठमा दोस्रोपटक प्रतिनिधिसभा विघटन गर्नुअघि एमाले सहितका सांसदहरुले संसद् जोगाउने भन्दै देउवालाई प्रधानमन्त्रीमा समर्थन गरेका थिए। त्यही बहुमतलाई आधार मानेर सर्वोच्च अदालतले संविधानको धारा ७६(५) बमोजिम देउवालाई प्रधानमन्त्री नियुक्त गर्न आदेश दिएको थियो। देउवाले गएको ३ साउनमा विश्वासको मत समेत पाए। तर पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सांसदहरुलाई एमालेले पदमुक्त गर्दा फेरि पनि देउवाले संसदमा विश्वासको मत गुमाउने थिए। त्यसैले एमाले विभाजनतिर प्रधानमन्त्री देउवा लागे। प्रधानमन्त्रीले २ भदौमा दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि एकीकृत समाजवादी जन्मियो। उक्त पार्टीले वैधानिकता पाउन समय लागेकाले पनि मन्त्रिपरिषद् बिस्तारमा समय लागेको सत्तारुढ नेताहरुले बताएका छन्।

### अर्थमन्त्रीसँग..

नसकेर मालबाहक गाडीहरुको लामो लाइन लाग्न थालेको लागेको छ। त्यसले गर्दा चाड पर्वको मुखमा व्यापारीले मगाएका समान भन्सारमै थन्किने र बजारमा अभाव सिर्जना भएर चर्को मूल्य बृद्धि हुने अवस्था छ।

### वैदेशिक....

नारासहित आफ्नो उम्मेदवारी घोषणा गरेका केसीलाई ठूलो संख्यामा नेपाली कामदार रहेको खाडी मुलुकबाट बढी मत पर्ने आँकलन गरिएको छ। उम्मेदवारी घोषणा कार्यक्रममा डा. केसीले कोभिड-१९का कारण समस्यामा परेका हजारौ नेपालीलाई गरिएको उद्धार गरेको चर्चा गर्दै खाडीका विभित्र मुलुकमा कार्यरत नेपाली कामदारले गैर आवासीय नेपाली संघलाई आशाको नजरले हेरेको बताए। को चर्चासमेत गरेका थिए। 'एनआरएन अभियानमा १९ वर्षदेखि अनवरतरुपमा सहभागी हुँदै आएको भन्दै अध्यक्षमा निर्वाचित भएपछि संघको अभियानलाई थप सशक्त पार्ने दावी गरे। डा. केसी प्यानलबाट उपाध्यक्षमा क्रमशः डा.हेमराज शर्मा, धर्मराज अधिकारी, महेश श्रेष्ठ, डि.बी क्षेत्री, याशिमन वेगम शैयद, युवा उपाध्यक्षमा रोशन थापा, महासचिवमा गौरीराज जोशी, कोषाध्यक्षमा लोक दाहालले उम्मेदवारी घोषणा गरेका छन्। त्यस्तै कार्यक्रममा सचिवमा क्रमशः ओम गुरुङ, रामशरण सिम्खडा, चिरञ्जीवी घिमिरे, राधिका गुरूङ र 'टिका' महिला संयोजकमा संगिता मरहट्टाको पनि उम्मेदवारी सार्वजनिक गरिएको छ। संघका पूर्वउपाध्यक्ष तथा सल्लाहकार टिबी कार्कीले विगतका जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेकोले संघमा डा. केसी अध्यक्षको उम्मेदवारी स्वभाविक रहेको बताए।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०६/२०
यस कम्पनीको मिति २०७८/०४/१८ मा सम्पन्न बाषिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मा मार्ट प्रा.लि. (प्रा.लि. नं. २६३८७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **कर्मा स्टोर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०६/२०
यस कम्पनीको मिति २०७७/०८/१८ मा सम्पन्न विशेष विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **क्राउन ग्लोबल एजुकेशन नेटवर्क प्रा.लि. (प्रा.लि. नं. १४०३२८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **यू.के. कलेजस् प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



**कतारमा वैदेशिक रोजगार** | १. कम्पनी : AL FALAMANKI RESTAURANT WLL शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/२७ चलानी नं.: ६०१६१७०२ LT. No.: 243478 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 1400 | ४५,५९८ | | | | | | | |

२. कम्पनी: LAFFAN PIPE FACTORY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/१२/१७ चलानी नं.: ६०१५६३४४ LT. No.: 238159 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 8 | 0 | स. काममा दक्ष | 1400 | ४५,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : AL FALAMANKI RESTAURANT WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/०८/२१ चलानी नं.: ६०१५३३८०४ LT. No.: 235420 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 10 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 6 | 0 | | 1400 | ४५,५९८ | | | | | | | |

४. कम्पनी : PROGRESSIVE TRADING & CONTRACTING W.L.L शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/१३ चलानी नं.: ६०१६२१५६ LT. No.: 244333 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1900 | ६१,८८३ | | | | | | | |
| 3. | Carpenter | 10 | 0 | | 1200 | ३९,०८४ | | | | | | | |

५. कम्पनी : AL KALHA RESTAURANT शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/१०/२५ चलानी नं.: ६०१५४६९२ LT. No.: 235934 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | स. काममा दक्ष | 1400 | ४५,५९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २७ गते (13 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१, २ र ४ को नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
सुकेधारा-४, काठमाडौं, (साविक: रातोपुल), नेपाल, फोन नं.: ०१-५९०२३४६
९८५१०८७८२४, ९८५१०८७७५९, ९८४१४४१९९६, पो. ब. नं.: १९१२२
Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
श्रम इजाजत नं. १०७८/०७३/०७४



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/२०
यस कम्पनीको मिति २०७८/०५/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्पार्क म्यान एण्ड हाउजिङ्ग कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २६९३९४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्पार्क ल्याण्ड एण्ड हाउसिङ्ग कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०६/२०
यस कम्पनीको मिति २०७८/०६/०७ मा सम्पन्न एकल शेयरधनीको विशेष विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हाउस अफ मोर्डन स्ट्रक्चर प्रा.लि. (प्रा.लि. नं. १२१३३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हाउस अफ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७३/११/०१ मा दर्ता भएको **प्रा.लि. नं. १६३५९३** को **आर. भट्टचन रियल स्टेट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०६/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**अधिकतम खुद्रा विक्री मुल्य (MRP) प्रकाशनको सूचना**

यस Future Tech International Pvt Ltd. कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालवस्तुको विवरण | आकार/ प्रकार | मोडल | ब्राण्ड | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा इकाई मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood | - | Y1-1 Push Button | - | - | China | 100 | Nrs.4,525.80 | Nrs.9,918.00 | |
| 2 | Range Hood | - | Y-H5 Baffll Filter | - | - | China | 142 | Nrs.5,121.30 | Nrs.10,732.00 | |
| 3 | Range Hood | - | YI-1 Cone Filter | - | - | China | 50 | Nrs.5,633.43 | Nrs.11,438.00 | |
| 4 | Range Hood | - | Y-C2 Switch Sensor | - | - | China | 50 | Nrs.6,860.16 | Nrs.13,152.00. | |

Future Tech International Pvt Ltd., Sundhara, Kathmandu Exim Code: Code:6098847060110NP, Tel No: 9851086862



**कतारमा रोजगार** | कम्पनी : INTEGRAL FOOD SERVICES WLL शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७८/०५/१५ चलानी नं.: ६०१६२१९५ LT. No.: 244752 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Storekeeper | 1 | 0 | | 1900 | ६१,८८३ | | | | | | | |
| 3. | Cooker | 12 | 0 | | 1500 | ४८,८५५ | | | | | | | |
| 4. | Assistant Cook | 7 | 0 | | 1300 | ४२,३४१ | | | | | | | |
| 5. | Cashier | 0 | 2 | | 1500 | ४८,८५५ | | | | | | | |
| 6. | waiter | 4 | 5 | | 1400 | ४५,५९८ | | | | | | | |
| 7. | Labourer | 63 | 0 | | 1000 | ३२,५७० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २७ गते (13 October 2021) मा हुनेछ।**

**नोट: यसै कम्पनी Waitress, MEP Technician, Continental, Cook, Comiss- 1,2,3, Female Cleaning Supervisor, Plumber & Electrician को माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
*Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com*



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : HABIB TRADING COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०५/२७ चलानी नं.: ६०१६२८३२ LT. No.: 245264 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २७ गते (13 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६ | Email- bluemoonoverseas312@gmail.com



**कतारमा रोजगार** | १. कम्पनी : AL TULU FLORA WLL शहर : DOHA

पूर्व स्वीकृत मिति:२०७८/०६/१९ चलानी नं.: ६०१६४८४४ LT. No.: 247244

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Flower Maker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,३४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 1300 | ४२,३४१ | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 2000 | ६५,१४० | | | | | | | |

२. कम्पनी : DANAH AL KHALEEJ TRADING AND CONTRACTING CO शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७८/०६/१९ चलानी नं.: ६०१६४८४५ LT. No.: 247245

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2200 | ७१,६५४ | | | | | | | |
| 3. | Plaster Worker | 1 | 0 | | 1100 | ३५,८२७ | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 2500 | ८१,४२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २७ गते (13 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**NIRVANA H.R. PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १३५६/०७४/०७५
Sinamangal, Kathmandu, Tel.: 01-4116649, Fax.: 4116651
E-mail : nirvanahr017@gmail.com, Web: www.nirvanahr.com.np



**साउदीमा रोजगार** | कम्पनी : ALKOBRAISH INVESTMENT AND CONSTRUCTION COMPANY शहर : ABHA

पुर्व स्वीकृत मिति: २०७८/०६/१७ चलानी नं.: ६०१६४८५५ LT. No.: 247140

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 5 | 0 | | 1800 | ५६,९१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २७ गते (13 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501

## भक्तपुर डायरी
दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

### भक्तपुरका ६ शिक्षकहरु विभूषित




भक्तपुरको रोम्वस स्कुलका ६ जना शिक्षक शिक्षिकाहरु द मष्ट प्रोमिसिङ्ग टिचर सर्भिस अवार्डबाट विभूषित भएका छन्। विश्व शिक्षक दिवसको अवसरमा उनीहरुलाई मंगलबार एक कार्यक्रमबीच विभूषित गरिएको हो।

विषूतिहरुमध्ये पुनम देशेमरु द मष्ट प्रोमिसिङ्ग टिचर सर्भिस अवार्डका साथै वेष्ट टिचर अफ दी इएर घोषित भएकी छिन्। नेपाल सरकारका पूर्व सहसचिव डा.इन्दुल केसीले उनीहरुलाई उक्त पुरस्कार वितरण गरेका थिए।

द मष्ट प्रोमिसिङ्ग टिचर सर्भिस अवार्डबाट विभूषित अन्य शिक्षक शिक्षिकाहरुमा तारा खड्का, उमेश सुवाल, सूर्य तिमल्सिना, कृशाला श्रेष्ठ, र मीनु मगर रहेका छन्। साथै पाँच वर्ष सेवा अवधि पूरा गरेका तीन जना शिक्षकशिक्षिकाहरुलाई पनि एक कार्यक्रमबीच सम्मान गरिएको छ। । यसरी सम्मानित हुने शिक्षकशिक्षिकाहरुमा अमृता ढकाल, अर्चना मानन्धर र सूर्यप्रसाद तिमल्सिना रहेका छन्।

स्कुलका संस्थापक प्रिन्सिपल डा.राजेन्द्र कोजूले शिक्षकहरुलाई प्रोत्साहित गर्न विगत सात वर्षदेखि प्रत्येक वर्ष शिक्षक दिवसका अवसरमा यसरी नै शिक्षकहरुलाई सम्मान गर्दै आएको जनाए। तर पछिल्लो दुई वर्ष कोरोनाका कारण कार्यक्रम गर्न नपाएको पनि उनले स्पष्ट पारे।

कार्यक्रममा प्रमुख अतिथि डा.केसीले शिक्षकहरुले कर्म गर तर फलको आशा नगर भन्ने भनाइ जस्तै निरन्तर कर्ममा लाग्नुपर्नेमा जोड दिए। उनले शिक्षक भनेको गीतामा भने जस्तै ब्रम्हा, विष्णु, महेश्वर रहेको बताए।

कार्यक्रममा स्कुलका संस्थापक अध्यक्ष सरिता कोजू, भाइस प्रिन्सिपल पुनम राणामगर, विद्यार्थी सरु श्रेष्ठ, विभूषित शिक्षकशिक्षिकाहरु मध्येबाट जनक कार्कीलगायतले आ-आफ्नो धारणा राखेका थिए।

### पत्रकार नेपालीलाई फोटोग्राफी सम्मान

भक्तपुरका पुराना पत्रकार केदार बनेपाली फोटोग्राफी गौरव सम्मानबाट सम्मानित भएका छन्।

'सम्पदा संरक्षणका लागी फोटोग्राफी' भन्ने नारा लिई स्थापित भक्तपुरका युवा फोटोग्राफरहरुको संस्था किपाःग्राफी भक्तपुरले आफ्नो स्थापनाको छैठौं वर्ष प्रवेश गरेको उपलक्ष्यमा पुरस्कार वितरण तथा फोटोग्राफी सम्मान–२०७८ कार्यक्रममा उनलाई सम्मान प्रदान गरिएको हो।

किपाःग्राफी भक्तपुरले विगत ६ वर्षदेखि प्रत्येक वार्षिकोत्सव कार्यक्रममा नेपालका एक पुराना एवं वरिष्ठ फोटोग्राफरलाई योगदानको कदर स्वरुप फोटोग्राफी गौरव सम्मानबाट सम्मानित गर्दै आएको छ।

यस वर्ष २०२५ सालबाट फोटोग्राफी गर्दै आएका नेपाल टेलिभिजनको पहिलो भक्तपुर संवाददाता भई अतुलनिय योगदान पुऱ्याए वापत प्रमुख अतिथि नगरप्रमुख सुनिल प्रजापतिद्वारा वरिष्ठ फोटोग्राफर बनेपालीलाई सम्मानित गरेको हो।

किपाःग्राफी भक्तपुरद्वारा आयोजित भक्तपुरको नवदुर्गा नाच राष्ट्रिय फोटो प्रतियोगिताका उत्कृष्ठ फाटोग्राफरहरुलाई नगद पुरस्कार एवं मायाको चिनो वितरण गरेका थिए। उक्त भक्तपुरको नवदुर्गा नाच राष्ट्रिय फोटो प्रतियोगिता २०७८ मा ललितपुर जिल्लाका फोटोग्राफर विकास खड्गी प्रथम, काठमाडौंका फोटोग्राफर रोहित महर्जन द्वितिय र भक्तपुरका फोटोग्राफर कृष्णश्वरी दुवाल तृतियलाई क्रमसः नगद रु.३० हजार, रु.२० हजार र रु.१० हजारबाट पुरस्कृत गरेको थियो भने उत्कृष्ठ दश स्थान प्राप्त गर्ने फोटोग्राफरहरुलाई मायाको चिनोसहित प्रमाण पत्र वितरण गरेको थियो।

कार्यक्रममा प्रमुख अतिथिको मन्तव्यको क्रममा अहिलेको समाजमा फोटोग्राफीको ज्ञान सिक्नु अति आवश्यक रहेको र विभिन्न सम्पदाहरुको फोटो अभिलेख राख्न सक्यो भने भविष्यमा त्यस्ता फोटोहरुले धेरै महत्व दिने कुरा उनले बताए। साथै फोटोग्राफरहरुले फोटोको गुणस्तरलाई पनि ध्यान दिने बेला आएको उनको भनाइ छ। कार्यक्रममा किपाःग्राफी भक्तपुरका अध्यक्ष अच्युत प्रजापतिले संस्थाले गरेका विभिन्न क्रियाकलापहरु एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका फोटो प्रदर्शनीहरु सकरात्मक सन्देश दिने खालका भएको बताए।

# उत्साहका साथ विद्यालय जाँदै विद्यार्थी

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १९ असोज

कोरोनाको कहरले बन्द रहेका विद्यालय खुल्न थाले पछि विद्यार्थीहरु नियमित विद्यालय जान थालेका छन्। लामो समय सम्म विद्यालय जान नपाएर घरमै बस्न बाध्य विद्यार्थी झोका बोकेर स्कुल पोशाकमा विद्यालय जान पाउँदा धेरै खुशी देखिएका छन्।

विद्यालयमा स्वयम् उपस्थित भएर पढ्न पाउँदा धेरै छिटो सिकाई ग्रहण गर्न पाइने रामपुर आवासीय अंग्रेजी बोर्डिङ्ग स्कुल कक्षा १० मा अध्ययनरत छात्रा सुस्मा सिग्देल बताउँछिन्।

उनी भन्छिन्, "विद्यालय बन्द हुदाको समयमा घरमा बसेर अनलाइन कक्षा पनि पढियो, अनलाइन कक्षाको तुलनामा भौतिक रुपमा विद्यालयमा नै उपस्थित भएर पढ्दा नै छिटो बुझ्न सकिने, धेरै कुरा सिकिने, यसरी नियमित विद्यालय जान पाउँदा नि र माइलो लागेको छ।" पाठ्यभारमा आधारित रहेर बिहान १० वजे देखि दिउँसो २ : ०० वजे सम्म खाजा खाने समय कटाएर नियमित पढाउन थालिएको रामतुलसी माविका प्रधानाध्यापक बालकृष्ण लम्साल बताउँछन्।

"खाजा खाने समयलाई शिक्षण कार्यमा सदुपयोग गरी दिउँसो २ : ०० वजे सम्म नियमित कक्षा चलाइएको छ, विद्यार्थी विद्यालयमा आउन पाउँदा



असाध्यै खुशी भएका छन्" प्रअ लम्साललले भने। केही पालिकाका विद्यालयले भने दशै अघि परीक्षा सक्ने गरी प्रथम त्रैमासिक परिक्षा सञ्चालन गरिरहेका छन्। कोरोनाको कहर कम हुदै गएपछि स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर गत भदौ २७ गते देखि नै रामपुर नगरपालिकाका सबै विद्यालयमा नियमित पठनपाठन भइरहेको नगर शिक्षा अधिकृत बिकल काफ्ले बताउँछन्।

"नगरपालिका भित्रका सबै विद्यालयमा धमाधम पढाई भइरहेको छ, केही विद्यालयमा प्रथम त्रैमासिक परिक्षा पनि सञ्चालन भएका छन्, नियमित रुपमा विद्यालय खुल्न थालेपछि विद्यार्थी पनि उत्सुक छन्" काफ्लेले भने। धेरै समय पछि पढाई भएतापनि शिक्षण सिकाई कार्यप्रति विद्यार्थी उत्सुक रहेको पूर्वखोला गाउँपालिका ३ अर्खडाँडा स्थित जनउज्ज्वल आधारभुत विद्यालयका शिक्षक डिल्लीराज पंगेनीले बताए। माथागढी गाउँपालिकाका सबै विद्यालयमा अहिले धमाधम पठनपाठन चलिरहेको छ। स्वास्थ्य सुरक्षालाई अपनाउँदै गत भदौ २७ गते देखि नै विद्यालय सञ्चालन भइरहेको गाउँपालिकाका अध्यक्ष सन्तोष थापा मगरले बताए। यस्तै रम्भा गाउँपालिकाले कोरोनाको कहर कम हुन थालेपछि सबै विद्यालयमा पठनपाठन सञ्चालन कार्य अगाडि बढाएको छ।

यहाँ विद्यालय सुरु गर्दाको बखत धेरै विद्यार्थी भएका विद्यालयले केही दिन आलोपालो गरी कक्षा चलाइयो, अहिले सबै विद्यालयमा नियमित रुपमा पठनपाठन कार्य चलिरहेको रम्भा गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए।

पाल्पाका सबै पालिकामा स्वास्थ्य सुरक्षा सामग्री अपनाएर साबधानीपूर्वक पठनपाठन कार्य चलिरहेको शिक्षा विकास समन्वय तथा इकाई कार्यालय पाल्पाका प्रमुख रमेशराज पौडेल बताउँछन्। केही पालिकाका विद्यालयले बन्दाबन्दीको समयमा इन्टरनेटको माध्यमबाट कक्षा सञ्चालन गरेका थिए। इन्टरनेटको पहुँच नभएका विद्यार्थीले बन्दाबन्दीको समयमा घरमै खेल खेलेर समय बिताउन बाध्य थिए। अहिले भने विद्यालय खुलेपछि नियमित स्कुल पोशाकमा कापी कलम बोकेर विद्यालय जाने गरेको अभिभावक सुस्मा भट्टराईले बताइन्। मास्क, स्यानीटाइजरको अनिवार्य प्रयोग गरेर विद्यार्थीहरु अनिवार्य रुपमा विद्यालय जान थालेका छन्।

# हराएका २१ मोटरसाइल सम्बन्धित धनीलाई जिम्मा

**काठमाडौं/मस–** महानगरीय ट्राफिक प्रहरी महाशाखाले काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट हराएकामध्ये २१ वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई जिम्मा लगाएको छ। हस्तान्तरण गरिएका २४ मध्ये १० वटा मोटरसाइकल र ११ वटा स्कुटर रहेका छन्।

मंगलबार ट्राफिक प्रहरी महाशाखाबाट खटिएको सादा पोशाकको टोलीले विभिन्न स्थानबाट नियन्त्रणमा लिएका मोटरसाइकलहरू महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले सम्बन्धित धनीलाई हस्तान्तरण गरेका छन्।

एसएसपी भट्टराईले विशेष सूचना संकलन र निगरानी गरी उपत्यका तथा आसपासको इलाकाबाट मोटरसाइकलहरू बरामद गरिएको र चोरीमा संलग्न मानिसहरुलाई पक्राउ गरी आवश्यक कारबाहीका लागी तत्कालै विभिन्न प्रहरी बृत्तहरुमा पठाउने गरेको जानकारी दिए।

उनले हराएका मोटरसाइकल खोजतलास र चोरी नियन्त्रण कार्य निरन्तर हुँदै आएको छ तर अब भने हराउनै नदिनका लागि धनी समेत विशेष चनाखो र सजक हुनुपर्ने दिन आएको बताए। पछिल्लो समय उपत्यकाबाट दुईपाङ्गे सवारी साधनमध्ये डियो स्कुटर र पल्सर मोटरसाइकल बढी चोरी हुने गरेको महाशाखाको तथ्यांकले देखाएको छ। धनीले दिएको निवेदन हुलियाको आधारमा विभिन्न पार्किङ स्थलहरूबाट समेत नियन्त्रणमा लिएका महाशाखाले जनाएको छ। महाशाखाले पछिल्लो समय सवारी साधन चोरी घटनालाई कम गर्न एवं नियन्त्रण गर्ने अभियानलाई प्रभावकारी एव परिणाममुखी बनाउन सादा पोशाकमा थप ट्राफिक प्रहरी परिचालन गरेको छ। यस आर्थिक वर्षमा हराएका ३२६ मोटरसाइकलमध्ये १४६ मोटरसाइकल नियन्त्रणमा लिएको छ। १४६ मध्ये १२२ वटा मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा लगाएको र अन्य २४ वटाको धनी पत्ता लगाउने कार्य भैरहेको महाशाखाले जनाएको छ। मोटरसाइकल चोरीमा संलग्न १९ जना व्यक्तिलाई विभिन्न स्थानहरुबाट चोरीका मोटरसाइकलसहित पक्राउ गरी सम्बन्धित प्रहरी वृत्तहरुमा कारबाहीका लागि पठाएको समेत महशाखाले जनाएको छ।

### वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी कर्मचारीलाई

**रमन वन/मध्यान्ह**
सोलुखुम्ब, १९ असोज

सोलुखुम्बुको फाप्लुमा तीन दिन देखि जारी वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धि कर्मचारी दक्षता अभिवृद्धि तालिम सम्पन्न भएको छ।

बढ्दै गएको वन्यजन्तु अपराधलाई न्यूनिकरण गर्ने उदेश्यका साथ सगरमाथा राष्ट्रिय निकुञ्जले आयोजना गरेको तालिम मंगलबार सकिएको हो। समापन कार्यक्रमको प्रमुख अतिथिको आसनबाट बोल्दै जिल्ला अदालत सोलुखुम्बुका जिल्ला न्यायधिश सन्तोष प्रसाद पराजुलीले दक्षता अभिबृद्धि तालिमले निकुञ्ज तथा वनसँग सम्बन्धित कर्मचारीहरुको क्षमता वृद्धि हुने विश्वास व्यक्त गरे। वन्यजन्तु संरक्षणका लागि कर्मचारीहरु फिल्डमा खटिनुपर्ने भएकाले समय समयमा यस्ता तालिम अपरिपरिहार्य रहेको उनको भनाइ छ। यस्तै सभाअध्यक्षको आसनबाट बोल्दै सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका प्रमुख संरक्षण अधिकृत भुमिराज उपाध्यायले बन्यजन्तुहरु नेपालको मात्र नभई विश्वकै महत्वपूर्ण सम्पति भएकाले यसको संरक्षणमा सबैको भूमिका महत्वपूर्ण हुने बताए।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६६।०४।२५ मा दर्ता भएको प्रा.लि. नं. ६४८५४ को **लाङ्घाली सुरक्षा सेवा प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७०७२५ मा दर्ता भएको **प्रा.लि. नं. २४७१३२** को **आरभ एण्ड अनुज कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**ओमानमा रोजगार** | कम्पनी: AL RAHEEL COMMERCIAL GATE
शहर : MUSCAT

पूर्व स्वीकृत मितिः २०७८/०६/१८ | चलानी नं.: ६०१६४८४९ | LT. No.: 247031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
